# बेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

**प्रदेश नं १, नेपाल**

२०७३

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर प्रदेश नं. १, उदयपुर २०७३

प.सं. - ०७७/७८

च.नं – १००

मिति – २०७७।६।२७

श्रीमान् वडा सचिव ज्यू
वडा कार्यालय १, २, ३, ४, ५, ६, ७, ८, ९
बेलका नगरपालिका, उदयपुर

**विषय –आ.व. २०७७।७८ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा।**

प्रस्तुत विषयमा छैटौ नगरसभावाट आ.व. २०७७।७८ को तहाँ वडा कार्यालयवाट सम्पादन हुने गरी स्विकृत योजना तथा कार्यक्रमहरु यसै पत्र साथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ। योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा तपसिल बमोजिमको मार्ग दर्शन बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

तपसिल

१. चालु आ.व.२०७७।७८ को नगर सभावाट अनुमोदित कार्यक्रमहरुको प्राथमिकिकरण गर्नुहुन र प्राथमिकताक्रम बमोजिम कार्य तालिका तयार गरी कार्य अगाडि बढाउनुहुन।
२. सावर्जनिक खरिद ऐन र नियमावली बमोजिम मात्र कार्य गर्नुहुन।
३. अधिकतम मितब्ययिता अपनाउनुहुन।
४. निर्धारित योजनाहरुको वजेट सिमा भित्र रहि मात्र काम गर्ने ब्यवस्था मिलाउनुहुन।
५. योजनाको भुक्तानीका लागि सिफारिस गर्दा आवस्यक कागजात पुरा गरेर मात्र पठाउनुहुन।
५. रकमान्तर गर्नु परेमा निर्धारित सिमा भित्र रहि नगर कार्यपालिकावाट निर्णय पश्चात मात्र गर्नुहुन।
६. विपदको अवस्थामा बाहेक मौखिक आदेशका आधारमा कार्य नगर्नु नगराउनुहुन तथा विपदको समयमा मौखिक आदेशको आधारमा कार्य भएको भए यथासिघ्र आवस्यक कागजात तयार गर्नु गराउनहुन।

नि. प्रमुख प्रशासकीय अधिकृत

जगदिश पराजुली
लेखा अधिकृत

वोधार्थ
श्रीमान् नगर प्रमुख ज्यु – जानकारीका साथ अनुरोध छ।
श्रीमान् नगर उप प्रमुख ज्यू – जानकारीका साथ अनुरोध छ।
श्रीमान् वडाध्यक्ष ज्यू – जानकारीका साथ योजना कार्यान्वयको लागि सहजिकरणको लागि अनुरोध छ।
श्री वडा प्राविधिक ज्यू – माथि उल्लेख भए बमोजिम योजना कार्यान्वयनको ब्यवस्था मिलाउन सहजिकरणका लागि अनुरोध छ।

# बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
## प्रदेश नं १, नेपाल

प.सं. - ०७७/७८

च.नं – ९०१

मिति – २०७७।६।२७

श्रीमान् वडा सचिव ज्यू
वडा कार्यालय १, २, ३, ४, ५, ६, ७, ८, ९
बेलका नगरपालिका, उदयपुर

**विषय –उपभोक्ता समिति गठन तथा योजना कार्यान्वयन सम्वन्धमा।**

प्रस्तुत विषयमा तहाँ वडा कार्यालय मार्फत सम्पादन हुने योजना तथा विभिन्न कार्यक्रम कार्वान्वियनका लागि तपसिल बमोजिम गर्नु गराउनुहुन सादर अनुरोध छ।

तपसिल

१. चालु आ.व.२०७७।७८ को नगर सभावाट अनुमोदित कार्यक्रमहरुको प्राथमिकिकरण गरि प्रथम प्राथमिकतामा परेका योजनाहरुको लागि नियमानुसार उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका तोकिएका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रमको समय तालिका तयार गरी नगरपालिका संग समन्वय गर्नुहुन ।
२. उपभोक्ता समिति गठन पश्चात लागत अनुमान स्विकृत गराई सम्झौता गरेर मात्र निर्माण कार्य अगाडी बढाउनु हुन।
३. योजना शूरुवात पश्चात योजनाको जानकारी तथा अनुगमनका लागि अनुगमन समितिका संयोजक नगर उप प्रमुख ज्यूलाई जानकारी गराउनुहुन।
४. साना तिना तथा मर्मत सम्भारका योजनाको लागत अनुमान स्विकृत गराएर मात्र कार्य गर्ने ब्यवस्था मिलाउनुहुन।
५. अमानतवाट कार्य गर्नु परेको खण्डमा देहाय बमोजिम गर्नुहुन।
   क. वडा समितिको निर्णय
   ख. लागत अनुमान तयार तथा स्विकृती
   ग. अमानत कार्यको कार्यादेश
   घ. नियमानुसार सामाग्री खरिद
   ङ. दैनिक ज्यालादारीमा काम लगाउने
   च. प्राविधिक विल तथा कार्य सम्पन्न प्रतिवेदनका साथ आवस्यक विल भर्पाई विभिन्न चरणका फोटाहरु सहित भुक्तानिका लागी सिफारिस गर्नुहुन।

जगदिश पराजुली
लेखा अधिकृत नि. प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्रीमान् नगर प्रमुख ज्यु – जानकारीका साथ अनुरोध छ।
श्रीमान् नगर उप प्रमुख ज्यू – जानकारीका साथ अनुरोध छ।
श्रीमान् वडाध्यक्ष ज्यू – जानकारीका साथ योजना कार्यान्वयको लागि सहजिकरणको लागि अनुरोध छ।
श्री वडा प्राविधिक ज्यू – माथि उल्लेख भए बमोजिम योजना कार्यान्वयनको ब्यवस्था मिलाउन सहजिकरणका लागि अनुरोध छ